गोरखापत्र २०७६/१०/१७, शुक्रबार

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

# नेपाल इन्टरमोडल यातायात विकास समिति

कुपण्डोल, ललितपुर

## सुरक्षाकर्मी आपूर्ति गर्ने सम्बन्धी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मिति: २०७६/१०/१७)

यस समिति अन्तर्गतको वीरगञ्ज एकीकृत जाँच चौकी कार्यालयमा सुरक्षा व्यवस्था गर्न बढिमा १ वर्षका लागि सुरक्षाकर्मीहरुको सेवा आवश्यक भएको हुँदा यस्तो सेवा आपूर्ति गर्न सक्ने नेपाल सरकारबाट इजाजतप्राप्त इच्छुक रजिष्ट्रर्ड फर्म, संस्था वा कम्पनीहरुले प्रति महिना के कति दर/रेटमा उपलब्ध गराउन सक्ने हो सो सम्बन्धी सिलबन्दी प्रस्ताव तोकिएको म्यादभित्र निम्न शर्तहरुको अधिनमा रही रीतपूर्वक बोलपत्र पेश गर्न आह्वान गरिएको छ ।

१. बोलपत्रको सूचना प्रकाशित भएको मितिले तपसील बमोजिमको म्यादभित्र तपसील बमोजिम दस्तुर कृषि विकास बैंक लिमिटेड, मैतिदेवी शाखामा नेपाल इन्टरमोडल यातायात विकास समितिको चल्ती खाता नं. ०२११३००१४४६६८०१४ मा जम्मा गरेको सक्कल भौचर बुझाई यस कार्यालयबाट बोलपत्र सम्बन्धी कागजात खरिद गर्न सकिनेछ ।

२. खरिद भएको बोलपत्र प्रष्टसँग भरी बोलपत्रदाताले प्रत्येक पानामा सही छाप गरी, सिलबन्दी गरी, खाम बाहिर फर्मको नाम, ठेगाना र सेवाको कार्य प्रष्टसँग लेखि तोकिएको म्यादभित्र यस कार्यालयमा उल्लेखित मितिको दिनको १२ बजेसम्ममा दर्ता गराउनु पर्नेछ । दर्ता भएका बोलपत्रहरु बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा तोकिएको समयमा यस कार्यालय, कुपण्डोलमा खोलिनेछ । बोलपत्रदाता वा प्रतिनिधिको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

३. बोलपत्र पेश गर्दा बोलपत्र साथ बोलपत्र जमानत वापत रु. २,२४,०००।- (अक्षेरुपी रु. दुई लाख चौबिस हजार) भन्दा कम नहुने गरी कृषि विकास बैंक लि. रामशाहपथ काठमाण्डौमा यस कार्यालयको नाममा रहेको चल्ती खाता नं. ०१००२००१४४६६८०३७ मा जम्मा गरेको सक्कल भौचर वा नेपाल राष्ट्र बैंकबाट 'क' वा 'ख' श्रेणीको इजाजतप्राप्त वाणिज्य बैंकबाट जारी भएको बोलपत्र जमानत संलग्न गर्नुपर्नेछ । बोलपत्र जमानतको म्याद बोलपत्र पेश गर्ने अन्तिम मितिले कम्तिमा १२० दिनसम्मको हुनुपर्नेछ ।

४. बोलपत्रदाताले सेवा प्रदान गर्ने स्थलको वास्तविक स्थिति बुझेर बोलपत्र दाखिला गर्न सल्लाह दिइन्छ ।

५. एक फर्म वा संस्थाको नाममा खरिद भएको बोलपत्र अर्को फर्म वा संस्थाको नामबाट दाखिला गर्न पाइने छैन ।

६. बोलपत्र सम्बन्धी अन्य कुनै कुरा बुझ्नुपरेमा कार्यालय समयभित्र यस कार्यालयको फोन नं. ०१-५५५१९६४, ५५५०२३६ मा सम्पर्क राख्न सकिनेछ ।

७. कुनैपनि कारण जनाई वा नजनाई सम्पूर्ण वा आंशिक रुपमा बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा निहित हुनेछ ।

८. बोलपत्र सम्बन्धी कागजात र यस सूचनामा उल्लेख नभएका कुराहरु सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ तथा समितिको खरिद तथा आर्थिक कार्यविधि नियमावली, २०६६ एवम् प्रचलित ऐन नियमानुसार हुनेछ ।

९. बोलपत्र खरिद, दर्ता र खोल्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिनेछ ।

| बोलपत्र खरिद संकेत नं. | विवरण | संख्या | बोलपत्र खरिद दस्तुर | बोलपत्र खरिद अन्तिम मिति र समय | बोलपत्र दाखिला अन्तिम मिति र समय | बोलपत्र खोलिने मिति/समय/स्थान |
|---|---|---|---|---|---|---|
| NITNITDB/NCB/SS/03 (076-77) | सुरक्षा गार्ड (सुरक्षा कर्मी) | ३६ | रु. ३०००।- (फिर्ता नहुने गरी) | २०७६/११/१८ गते कार्यालय समयभित्र | २०७६/११/१९ गते दिनको १२:०० बजेसम्म | मिति: २०७६/११/१९<br>समय: दिनको १ बजे<br>स्थान: नेपाल इन्टरमोडल यातायात विकास समितिको कार्यालय, कुपण्डोल ललितपुर । |